REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 27.02.2025

---

## State Holiday Notification

राज्य सरकारले अखिल सिक्किम खस छेत्री बाहुन कल्याण संघको स्थापना दिवस छब्बीस फरवरीलाई सरकारी बिदा घोषित गरेको छ ।

गृह विभागद्वारा आज जारी अधिसूचना अनुसार आउँदो वर्ष 2026 देखि प्रभावी हुने यो निर्णय राज्य सरकार अधिनका सबै कार्यालय, सार्वजनिक क्षेत्र प्रतिस्ठान र शैषिक संस्थानहरूमा लागू हुनेछ ।

यहाँहरूलाई थाहै होला गेजिङ क्योङसामा हिजो आयोजित अखिल सिक्किम खस छेत्री बाहुन कल्याण संघको तीसौं स्थापना दिवस समारोहमा मुख्यमन्त्रीले यस्तो आशयको घोषणा गर्नुभएको थियो ।

यसैवीच सिटिजन एक्शन पार्टी सिक्किमले छब्बीस फरवरीलाई अखिल सिक्किम खस छेत्री बाहुन कल्याण संघको स्थापना दिवसलाई सरकारी विदा घोषित गर्ने निर्णयको स्वागत गरेको छ ।

तथापि पार्टीले भनेको छ यस्तो सम्मान सम्पूर्ण सिक्किमे समुदायका जातीय दिवसहरूमा समान रूपमा लागू हुनुपर्छ ।

पार्टीद्वारा जारी प्रेस विज्ञप्तीमा जनाइए अनुसार जातीय पहिचान र गरिभाको रक्षा कुनै पनि राजनीतिक दलको स्वार्थअनुसार सीमित हुनुहुँदैन ।

---

## PM Mahakumbh

प्रधानमन्त्री नरेन्द्र मोदीले महा कुम्भलाई एकताको महायज्ञ बताउनुभएको छ र भन्नुभएको छ भारतलाई आफ्नो विरासतमाथि गर्व छ र यो नयाँ ऊर्जासित अघि बढ़िरहेछ ।

प्रयागराज महाकुम्भको सफलताको प्रशंसा गर्दै उहाँले भन्नुभएको छ यो आधुनिक प्रवन्धन व्यावसायीहरू र नीति विशेषज्ञहरूका लागि अध्ययनको विषय हो ।

श्री मोदीले भन्नुभएको छ विश्वमा कहीँ पनि यति ब्यापक रूपमा कुनै आयोजन भएको छैन ।

एउटा ब्लग पोस्टमा प्रधानमनत्रीले भन्नुभएको छ कुनै औपचारिक निमन्त्रण प्राप्त नभए पनि करोड़ौ मानिसहरू प्रयागराजको संगम तटमा एकत्र भएको दृश्यलाई विश्वले आश्चर्यका साथ अवलोकन गरयो ।

करोड़ौ मानिसहरू आफ्नो इच्छाले महाकुम्भमा आएर संगममा पवित्र स्नान गरेको कुरो बताउँदै श्री मोदीले भन्नुभएको छ महिलाहरू वृध्द ब्यक्तिहरू, अनि दिब्याङ्क लगायत सबै मानिसहरूले संगमसम्म पुग्ने मार्ग खोजे ।

---

## CM Brahmakumari

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभएको छ- नशामुक्ति अभियानमा ब्रम्हाकुमारी केन्द्रको ठूलो भूमिका रहेको छ र यस केन्द्रले सेवाभाव राखेर धेरै कार्यहरू गरेको छ ।

उहाँ आज गान्तोकमा नवासीऔं त्रिमूर्ति शिव जयन्ती महोत्सवलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दैहुनुहुन्थ्यो ।

ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालय गान्तोकको तत्वावधानमा यो अनुस्ठानको आयोजना गरिएको थियो ।

सिक्किमका विभिन्न स्थानहरूमा ब्रम्हाकुमारी केन्द्रहरू रहेको कुरो बताउँदै मुख्यमन्त्रीले भन्नुभयो यस्ता केन्द्रहरूबाट आध्यात्मिक ज्ञान प्राप्त गर्नमा सहायता प्राप्त हुन्छ ।

उहाँले भन्नुभयो स्वयंलाई परिवर्तन गरे मात्र समाजमा परिवर्तन ल्याउन सकिन्छ अनि प्रेम, एकता, भातृत्व र आपसी सम्मानका शाश्क्त मूल्य ब्यक्तिगत र सामाजिक प्रगतिका लागि आवश्यक छ ।

सिक्किमलाई स्वच्छ राख्ने सरकारको अभियानाको उल्लेख गर्दै श्री तामाङले राज्यका पेट्रोल पम्पहरू र अन्य स्थानलाई स्वच्छ राख्नुपर्ने आवश्यक्तामाथि जोड़ दिनुभयो ।

यसअघि ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालय गान्तोकको प्रभारी बी के सोनामले महाशिवरात्री पर्वको ऐतिहासिक महत्वबारे प्रकाश पार्नुभयो ।

यस अवसरमा युनिभर्सल पिस फेडरेशनका पक्षबाट पूर्व विधायक कृस्ण कुमारी राईलाई सम्मानित गरियो।

विभिन्न धर्मगुरूहरूद्वारा सिक्किमको शान्ति, एकता र समृध्दिका लागि प्रार्थना र योगअभ्यास समारोहका अन्य आकर्षण थिए ।

---

## CM Rumtek

पछि मुख्यमन्त्री रूम्तेक धर्म चक्र केन्द्र स्थित गुम्पामा खोर्छेन गुतर छेमो छाम वार्षिक महाकाली अनुस्ठानको समापन कार्यक्रममा सहभागी हुनुभयो ।

त्यहाँ उहाँले सिक्किमका जनताको खुशी शान्ति र समृध्दिको कामना गर्दै पूजा अर्चना गर्नुभयो ।

यस्तो मुखौटा नृत्यले सिक्किमको आध्यात्मिक सम्पदा र सांस्कृतिक विरासतलाई प्रतिबिम्बित गर्छ ।

---

## Governor Visit

राज्यपाल ओम प्रकाश माथुरको दुई दिनेलामो गोजिङ जिल्ला भ्रमण आजदेखि शुरू भएको छ ।

भ्रमणको पहिलो दिन आज उहाँ गेजिङ जिल्ला पञ्चायत भवन, याङते सशस्त्र सीमा बल क्याम्प र कृषि विज्ञान केन्द्र जानुभयो ।

जिल्ला पञ्चायत भवनमा विभिन्न विभाग प्रमुखहरूसितको अन्तर्क्रियामा विभागहरूको तर्फबाट उहाँलाई सम्बन्धित आ आफ्ना विभागका विकासीय कार्यहरूबारे जानकारी दिइयो ।

राज्यपालले सरकारी अधिकारी तथा कर्मचारीहरू जिल्ला तथा ग्राम पञ्चायतहरूलाई केन्द्र र राज्य सरकारका योजनाहरूलाई ग्रामीण स्तरमा सही तरीकाले बिस्तार गर्ने आग्रह गर्नुभएको छ ।

श्री माथुरले भोलि पेमायाङ्ची गुम्पा, खेचीपेरी झील र चेरेङ्गी शालिह स्थलको भ्रमण गर्ने कार्यक्रम छ ।

---

## Students Meets Cm

विभिन्न पाठशाला र महाविद्यालयका विद्यार्थीहरूले आज मिन्तोगाङमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसित भेट गरे ।

श्री तामाङले छात्रछात्राहरूलाई शेक्षिक यात्रामा सहयोग गर्ने सरकारको प्रतिवध्दता अनुरूप उनीहरूलाई ल्यापटप प्रदान गर्नुभयो ।

मुख्यमन्त्रीले विद्यार्थीहरूलाई पूर्ण क्षमतालाई प्रयोगमा ल्याउने र शिक्षा क्षेत्रमा उत्कृष्टता हासिल गर्न समर्पित भएर अध्ययन गर्न प्रोत्साहित गर्नुभयो ।

---

## Weather

राज्यमा एक दुई दिनसम्म घाम लागेर तापमान बढ़ेको भए तापनि आज फेरि आकाशमा बादल छाएर मानिसहरूलाई जाडोको अनुभव गरायो ।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान नौ दशमलउ सात डिग्री सेल्सियस रेकार्ड गरियो ।

विभागले भोलि बिजुली चम्किने र वर्षा हुने पूर्वानुमान गरेको छ ।

भोलि अधिकतम तापमान पन्ध्र डिग्री सेल्सियस र न्यूनतम तापमान आठ डिग्री सेल्सियस रहनेछ ।

---